Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक
वर्ष १५ ◆ अङ्क ४४७७ ◆ २०८१ पुस १ गते सोमबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Monday, December 16, 2024

# सानिमा माई हाइड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ ।
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com

## तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८१ मंसिर २४ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष २८ गते (तदनुसार १२ जनवरी, २०२५) आइतबार ।**

**समय : बिहान ११:०० बजे**

**स्थान : सेलिब्रेशन हाईट, सुकेधारा, काठमाण्डौ ।**

**छलफलका विषयहरु :**

**तेह्रौं वार्षिक साधारण सभाका प्रस्तावहरु**

**(क) साधारण प्रस्तावहरु**

१. तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।
४. एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।
५. शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई आ.व. २०८०/०८१ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने ।
२. बोनस शेयर वितरणका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी, सोही बमोजिम प्रबन्धपत्रको दफा ६ को (क), (ख) र (ग) संशोधन गर्ने ।
३. कम्पनीको पूंजी वृद्धि र प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरु अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
५. गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने प्रक्रिया लगायतका अन्य आवश्यक विषयका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भएमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

### वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/०९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/०८ गते सम्म कारोबार भई, सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को अभिलेखमा दर्ता भएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. व. २०८०/८१ सम्मको वितरण योग्य संचित मुनाफाबाट लाभांश/बोनस शेयर पाउन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website : www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।
९. साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।
१०. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा १ जना महिला सहित ४ (चार) जना को निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा पछि प्रकाशित गरिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।
११. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीमा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिई प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्दछ । निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाण्डौ अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ४-३७३०३०, ४-३७२८२८ वा ईमेल sanimamai@sanimahydro.com मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस सानिमा माई हाइड्रोपावर लि.को तेह्रौं वार्षिक साधारण सभाको प्रायोजनार्थ आ.व. २०८०/०८१ को वासलात, नाफा-नोक्सान हिसाब लगायत कम्पनीको कारोबारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०८०/०८१ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएकोछ । प्रस्तुत वित्तिय विवरणमा यस सानिमा माई हाइड्रोपावर लि.ले बीस प्रतिशत र सो भन्दा माथि लगानी गरेको सम्बद्ध कम्पनीहरु (Associates Company) मा भएको लगानीको आधारमा समहकृत र कम्पनीको विवरण समावेश गरि तयार गरेकोछ ।

**आ.व. २०८०/०८१ को कारोबारको सिंहावलोकन**

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) र माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) लाई विगतका वर्षहरुमा जस्तै दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा बिक्रीबाट कम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिईएको छ । तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोषजनक रही कम्पनी मुनाफामा नै रहेको छ ।

### नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसारको वित्तिय विवरण

| Group Statement of Financial Position | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2080-81 | FY 2079-80 | FY 2080-81 | FY 2079-80 |
| **Assets** | | | | |
| Non-Current Assets | | | | |
| Property Plant & Equipment | 9,198,741 | 10,951,834 | 9,198,741 | 10,951,834 |
| Intangible Assets | 3,146,948,798 | 3,298,015,872 | 3,146,948,798 | 3,298,015,872 |
| Capital WIP | 1,146,222 | - | 1,146,222 | - |
| Right of Use Assets | 1,956,546 | 2,856,641 | 1,956,546 | 2,856,641 |
| Investment in Associates | 539,038,010 | 594,978,157 | 687,500,000 | 687,500,000 |
| Other Investments | 2,452,847,500 | 1,573,067,500 | 2,452,847,500 | 1,573,067,500 |
| Advance towards Investment in Equity | 206,552,500 | - | 206,552,500 | - |
| **Current Assets** | | | | |
| Investment in Term Deposits | 195,000,000 | 469,790,000 | 195,000,000 | 469,790,000 |
| Other Financial Assets | 526,377,554 | 516,566,247 | 526,377,554 | 516,566,247 |
| Other Assets | 16,207,293 | 16,689,853 | 16,207,293 | 16,689,853 |
| Inventories | 22,965,449 | 23,568,372 | 22,965,449 | 23,568,372 |
| Cash and Short-term Deposits | 271,552,695 | 42,572,702 | 271,552,695 | 42,572,702 |
| Current Tax Assets | 2,824,238 | 3,459,915 | 2,824,238 | 3,459,915 |
| **Total Assets** | **7,392,615,545** | **6,552,517,094** | **7,541,077,535** | **6,645,038,936** |
| **Liabilities** | | | | |
| **Non-Current Liabilities** | | | | |
| Borrowings | 577,196,377 | 990,504,850 | 577,196,377 | 990,504,850 |
| Other Financial Liabilities | 5,308,720 | 5,308,720 | 5,308,720 | 5,308,720 |
| Other Provisions | 2,956,218 | 3,093,241 | 2,956,218 | 3,093,241 |
| **Current Liabilities** | | | | |
| Borrowings | 413,308,681 | 364,156,152 | 413,308,681 | 364,156,152 |
| Other Financial Liabilities | 14,215,934 | 13,555,617 | 14,215,934 | 13,555,617 |
| Other Liabilities | 9,783,926 | 9,310,266 | 9,783,926 | 9,310,266 |
| Deferred Tax Liabilities | 466,550,000 | 246,605,000 | 466,550,000 | 246,605,000 |
| **Total Liabilities** | **1,489,319,857** | **1,632,533,847** | **1,489,319,857** | **1,632,533,847** |
| **Equity** | | | | |
| Share Capital | 3,398,176,100 | 3,089,251,000 | 3,398,176,100 | 3,089,251,000 |
| Retained Earnings | 1,097,156,993 | 1,084,136,811 | 1,246,676,121 | 1,177,304,568 |
| Other Reserves | 1,407,962,596 | 746,595,436 | 1,406,905,457 | 745,949,522 |
| **Total Equity** | **5,903,295,688** | **4,919,983,247** | **6,051,757,678** | **5,012,505,089** |
| **Total Liabilities and Equity** | **7,392,615,545** | **6,552,517,094** | **7,541,077,535** | **6,645,038,936** |

| Group Statement of Profit or Loss | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2080-81 | FY 2079-80 | FY 2080-81 | FY 2079-80 |
| Revenue From Sale of Electricity | 759,185,708 | 763,541,741 | 759,185,708 | 763,541,741 |
| Plant Operating Expenses | (95,147,999) | (95,816,406) | (95,147,999) | (95,816,406) |
| **Gross Profit** | **664,037,709** | **667,725,335** | **664,037,709** | **667,725,335** |
| Other Income | 446,217 | 6,767,779 | 446,217 | 6,767,779 |
| Administrative and Other Operating Expenses | (176,342,892) | (175,783,011) | (176,342,892) | (175,783,011) |
| **Net Operating Profit** | **488,141,034** | **498,710,103** | **488,141,034** | **498,710,103** |
| Financial Costs | (109,175,246) | (123,651,747) | (109,175,246) | (123,651,747) |
| Financial Income | 51,238,565 | 52,425,548 | 51,238,565 | 52,425,548 |
| Profit/(Loss) before Tax & Bonus | 430,204,354 | 427,483,903 | 430,204,354 | 427,483,903 |
| Provision for Staff Bonus | (8,604,087) | (8,546,734) | (8,604,087) | (8,546,734) |
| Share of Profit/(Loss) of Associates accounted for using equity method | (55,702,257) | (45,800,396) | - | - |
| **Profit/(Loss) before Tax** | **365,898,010** | **373,136,774** | **421,600,266** | **418,937,170** |
| Income Tax Expense | (11,888,362) | (11,952,525) | (11,888,362) | (11,952,525) |
| **Net Profit for the Year** | **354,009,648** | **361,184,249** | **409,711,905** | **406,984,645** |

| Group Statement of Cash Flow | Group | | Company | |
|---|---|---|---|---|
| | FY 2080-81 | FY 2079-80 | FY 2080-81 | FY 2079-80 |
| **Cash Flow from Operating Activities** | | | | |
| Net Profit for the year (After Tax) | 354,009,648 | 361,184,249 | 409,711,905 | 406,984,645 |
| Adjustment for: | | | | |
| Amortization | 151,084,024 | 151,214,333 | 151,084,024 | 151,214,333 |
| Depreciation | 2,426,263 | 2,910,475 | 2,426,263 | 2,910,475 |
| Depreciation of Right of Use Assets | 900,096 | 900,096 | 900,096 | 900,096 |
| Provision for Tax | 11,888,362 | 11,952,525 | 11,888,362 | 11,952,525 |
| Payment of Tax | (11,888,362) | (11,952,525) | (11,888,362) | (11,952,525) |
| Employee benefit adjustment | 1,249,156 | (778,763) | 1,249,156 | (778,763) |
| Share of Profit/(Loss) from Associates | 55,702,257 | 45,800,396 | - | - |
| Prior Period Adjustment | (15,284,257) | 20,272 | (15,284,257) | 20,272 |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **550,087,187** | **561,251,057** | **550,087,187** | **561,251,057** |
| **Cash Flow from Changes in Working Capital** | | | | |
| (Increase)/ Decrease in Current Operating Assets | (8,090,146) | 33,100,397 | (8,090,146) | 33,100,397 |
| Increase/(Decrease) in Current Operating Liabilities | 996,954 | (2,111,136) | 996,954 | (2,111,136) |
| **Cash Flow from Operating Activities** | **542,993,994** | **592,240,318** | **542,993,994** | **592,240,318** |
| **Cash Flow from Investing Activities** | | | | |
| Capitalization/Purchase of Fixed Assets | (673,170) | (121,109) | (673,170) | (121,109) |
| (Increment)/Decrease in Intangible Assets | (16,950) | 1,969,777 | (16,950) | 1,969,777 |
| (Increment)/Decrease in Assets under development | (1,146,222) | - | (1,146,222) | - |
| Investment in Associates | (0) | - | - | - |
| Other Investments | - | (48,447,500) | - | (48,447,500) |
| Realization of Financial Assets | 274,790,000 | (117,490,000) | 274,790,000 | (117,490,000) |
| Advance towards Investment in Equity | (206,552,500) | 35,875,000 | (206,552,500) | 35,875,000 |
| **Cash Flow on Investing Activities** | **66,401,158** | **(128,213,832)** | **66,401,158** | **(128,213,832)** |
| **Cash Flow from Financial Activities** | | | | |
| Increase/(Decrease) in Borrowings | (364,155,944) | (331,123,451) | (364,155,944) | (331,123,451) |
| Payment of Financial Liabilities | - | (819,619) | - | (819,619) |
| Dividend Paid | (16,259,216) | (162,592,158) | (16,259,216) | (162,592,158) |
| **Cash Flow from Financial Activities** | **(380,415,160)** | **(494,535,228)** | **(380,415,160)** | **(494,535,228)** |
| **Total Cash Generated in the Year** | **228,979,993** | **(30,508,742)** | **228,979,993** | **(30,508,742)** |
| Opening Cash & Cash Equivalents | 42,572,702 | 73,081,444 | 42,572,702 | 73,081,444 |
| **Cash and Cash Equivalent at the end of The Year** | **271,552,695** | **42,572,702** | **271,552,695** | **42,572,702** |